नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office


६ माघ २०८२

# प्रेस नोट

यही २०८२ फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि आज उम्मेदवारी मनोनयन दर्ता गराउने निर्वाचन आयोगको कार्यतालिका बमोजिम नेकपा (एमाले) ले देशका सबै १६५ वटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दर्ता गराएको जानकारी गराउन चाहन्छौं ।

अध्यक्ष केपी शर्मा ओलीलगायत नेताहरूले पार्टीका नेता, कार्यकर्ता र जनताको उत्साहपूर्ण सहभागितामा र्‍यालीसहित निर्वाचन कार्यालय पुगेर आ-आफ्नो उम्मेद्वारी दर्ता गराउनुभएको छ । अध्यक्ष केपी शर्मा ओलीले झापा क्षेत्र नं. ५ बाट दिउँसो १ बजे प्रतिनिधिसभा सदस्यका लागि उम्मेद्वारी दर्ता गराउनुभएको हो ।

यसपाली नेकपा (एमाले)ले अगाडि सारेको सिंगो उम्मेद्वार संख्या मध्ये **५४.५४** प्रतिशत नयाँ अनुहार रहेका छन् । मधेस र सुदूरपश्चिममा **५०/५०** प्रतिशत र कोशीमा **५३.५७** प्रतिशत उम्मेद्वार नयाँ हुनुहुन्छ । सबैभन्दा धेरै नयाँ उम्मेद्वार कर्णाली प्रदेशमा **७५** प्रतिशत र कम लुम्बिनीमा **४२.३०** प्रतिशत हुनुहुन्छ । बागमती र गण्डकीमा यो संख्या क्रमशः **६०.६०** प्रतिशत र **६१.११** प्रतिशत रहेको छ ।

नेकपा (एमाले)ले यस निर्वाचनलाई हराएका र भत्किएका सपनाहरूलाई फेरि जगाउँदै नयाँ पुस्ताको सुन्दर भविष्य निर्माण गर्ने निर्णायक मोडका रूपमा लिनुका साथै संविधान र लोकतन्त्रको पक्षमा प्रतिगमनविरूद्धको जनमत संग्रहका रूपमा लिएको हुँदा आजको दिनलाई विशेष दिनका रूपमा लिएको छ ।

यसै सन्देशका साथ, अध्यक्ष केपी शर्मा ओलीले आफ्नो उम्मेद्वारी दर्ता गराउनुअघि जेनजी आन्दोलनका नाममा विध्वंशकारीहरूबाट जलाइएका झापाका सरकारी तथा व्यक्तिगत घरलगायत भौतिक संरचनाहरूको निरीक्षण र पीडितहरूसँग भेट गरेर आफ्नो निर्वाचन अभियान आरम्भ गर्नुभएको छ ।

निर्वाचनमा पार्टीका उपाध्यक्षहरू गोकर्ण विष्ट गुल्मी क्षेत्र नं. २ बाट, पृथ्वीसुब्बा गुरूङ लमजुङ र विष्णुप्रसाद पौडेल रूपन्देही निर्वाचन क्षेत्र नं. २ बाट उम्मेद्वार बन्नुभएको छ ।

महासचिव शंकर पोखरेलले दाङ निर्वाचन क्षेत्र नं. २ मा प्रतिनिधिसभा सदस्यको निर्वाचनमा उम्मेद्वारी दिनुभएको छ भने उपमहासचिवहरू लेखराज भट्ट कैलाली क्षेत्र नं ४ र रघुवीर महासेठ धनुषा क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेद्वार बन्नुभएको छ । त्यसैगरी सचिवहरू भानुभक्त ढकाल तेह्रथुम, शेरधन राई भोजपुर, डा. राजन भट्टराई काठमाडौं क्षेत्र नं. ४ र महेश बस्नेतले भक्तपुर क्षेत्र नं. २ मा उम्मेद्वारी दिनुभएको छ । यस्तै पार्टीका नेता ईश्वर पोखरेल काठमाडौं क्षेत्र नं. ५ बाट उम्मेद्वार बन्नुभएको छ ।

हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी (एमाले) प्रत्येक नेपाली नागरिकको आत्मसम्मान, मर्यादा र स्वाभिमानलाई अक्षुण्ण राख्ने महान दायित्वप्रति दृढ प्रतिबद्ध रहंदै,

संविधानको सर्वोच्चता, विधिको शासन, मानवअधिकार, सामाजिक न्याय तथा विश्वव्यापी रूपमा स्थापित लोकतन्त्रका आधारभूत मूल्य-मान्यताप्रति अटूट आस्था प्रकट गर्दै,

स्वाधीन, समुन्नत र समाजवादउन्मुख अर्थतन्त्रको विकासमार्फत "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा पूरा गर्ने दायित्व र जिम्मेवारीप्रति दृढ संकल्प गर्दै,

नेपाली नागरिकहरूले राजनीतिक, सामाजिक तथा आर्थिक रूपान्तरणका निमित्त समय-समयमा भएका विभिन्न आन्दोलनहरूमा अभिव्यक्त जनभावनाप्रति सचेत र संवेदनशील रहँदै,

राष्ट्रिय अखण्डता, सार्वभौमिकता, राष्ट्रिय एकता, शान्ति-सुरक्षा र अमन-चयन सुदृढ पार्ने प्रमुख दायित्व र जिममेवारीप्रति प्रतिवद्ध रहँदै देशभरका नेपाली नागरिकहरू, विशेषतः युवा वर्ग, निजी क्षेत्र, नागरिक समाज, किसान, मजदुर, विभिन्न पेशा व्यवसायमा संलग्न सबैप्रति संगठित, अनुशासित र व्यवस्थित रूपमा स्वतन्त्र, निष्पक्ष र भयरहित ढंगले निर्भिक भएर आफ्नो अभिमत प्रकट गर्न हार्दिक अपिल गर्दछ ।

यस अवधिमा जनताको मतबाट निर्वाचित जनप्रतिनिधिमूलक संस्थामाथि गरिएको आगजनी र आक्रमण, राज्यको सम्पति र संयन्त्रमाथि पुऱ्याएको क्षति र विध्वंश, न्याय प्रणालीमाथि गरिएको आगजनी र ध्वंश, सुरक्षा संयन्त्र र प्रणालीमाथि पुऱ्याएको अतुलनीय क्षति र अपमान, कानुनी शासनको उल्लंघन र दण्डहीनतालाई प्रश्रय गर्ने, निजी क्षेत्र, सामुदायिक तथा निजी विद्यालय, संचारगृह र कर्पोरेट हाउसमा पुऱ्याएको क्षति नेपालको इतिहासमै कहिल्यै विर्सन नसकिने हिंसात्मक घटनामा रूपमा नेपाली समाजमा रहिरहनेछ ।

तसर्थ, नेकपा (एमाले) ले यस निर्वाचनलाई सामान्य आवधिक निर्वाचनको रूपमा मात्रै नहेर्न आदरणीय आममतदातासँग अपिल र अनुरोध गरेको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली, संवैधानिक सर्वोच्चता, कानुनी शासन, मानवअधिकारको संरक्षण र प्रवर्द्धन, सामाजिक न्यायसहितको समृद्धिका लागि नेकपा (एमाले) को नेतृत्वमा तय भएका राष्ट्रिय लक्ष्य र आंकाक्षा हासिल गर्न नेकपा (एमाले) बाट प्रतिनिधिसभाको निर्वाचनका लागि उम्मेदवारी मनोनयन गरेका उम्मेदवारहरूलाई आफ्नो अमूल्य मतदान गरी विजयी गराउन हार्दिक अपिल गर्दछ ।

विभिन्न बहानामा सिर्जना गरिएका हिंसाको विरूद्ध न्यायोचित शान्तिको स्थापना, अराजकताका विरूद्ध अनुशासन र सिर्जनात्मक कार्य, विध्वंशको विरूद्ध दिगो विकास र निर्माण, दण्डहीनताका विरूद्ध कानुनी शासनको पालना र प्रवर्द्धनका लागि यो निर्वाचन संविधान र लोकतन्त्रका पक्षमा हुने जनमत संग्रह हो । त्यसैले आउनुहोस्, यस अवसरमा नेपाल राष्ट्रलाई भूराजनीतिक द्वन्द्वको क्रिडास्थल बनाउने सबै प्रकारका षडयन्त्रहरूलाई परास्त गर्ने संकल्प गरौं र नेकपा (एमाले) लाई बिजयी बनाऔ ।

**मीनबहादुर शाही**

**प्रचार संयोजक, आम निर्वाचन २०८२**